**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**कोविद अन्तिम वर्ष (कक्षा १०)**
**षष्टम - पत्र (अभिधर्म) - नेपाली**
**बु.सं. २५५६ (२०६९)**

**प्र.नं. १. खालि ठाउँमा भर्नुहोस् । (२ वटा मात्र)** २×५=१०

क) रुपञ्च वेदना ............................पञ्चक्खन्धाति भासिता ॥

ख) अतीते हेतवो पञ्च ......................फलपञ्चकन्ति ॥

ग) बुद्धानुस्सति ............................दस अनुस्सतियो नाम ।

**प्र.नं. २. भावार्थ लेख्नुहोस् । (२ वटा मात्र)** २×५=१०

क) दुक्खं तेभूमकं वट्टं - तण्हा समुदयो भवे ।
निरोधो नाम निब्बानं - मग्गो लोकुत्तरो मतो ॥

ख) वट्टमाबन्धमिच्चेवं - तेभूमकमनादिकं ।
पटिच्चसमुप्पादोति - पट्ठपेसि महामुनि ॥

ग) भावेतब्बं पनिच्चेवं -भावना द्वयमुत्तमं ।
पटिपत्तिरसस्सादं - पत्थयन्तेन सासने ॥

**प्र.नं. ३. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।** ४×५=२०

क) 'द्वासत्तति विद्या वुत्ता' पालिमा 'द्वासत्तति' को स्वरूप लेख्नुहोस् ।

ख) पर्वत, छ अभिज्ञा भएको, स्त्री शब्द, चक्षुविज्ञान र राजपुत्र कुन कुन प्रज्ञप्ति हुन् ?

ग) द्वेष चरित्रलाई सप्पाय (अनुकूल) हुने कर्मस्थानहरु के के हुन् ?

घ) स्रोतापत्ति मार्ग र अनागामि मार्गले कुन कुन क्लेशलाई जरैदेखि उखेलेर प्रहाण गर्छ ?

**प्र.नं. ४. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । (६ वटा मात्र)** ६×५=३०

क) उपेक्षा सहगत सन्तीरण चित्तका कृत्यहरु के के हुन् ?

ख) १८ वटा धातुहरुमध्ये रूप धातु मात्र के के हुन् ?

ग) कामावचर शोभन र अशोभन क्रियाहरु छुट्याएर लेख्नुहोस् ।

घ) के कारणले हामी दीर्घकालदेखि यो संसारमा आवागमन गर्नु परेको हो ?

ङ) शमथ भावनाको मात्र वृद्धि गरी विपस्सना भावना नगर्नेहरुका नीवरणहरु किन निर्मूल हुन सक्तैनन् ?

च) के स्रोतापन्न व्यक्तिले अरूलाई मन नपर्ने किसिमले कुरा गर्न सक्छ ? स्पष्ट पार्नुहोस् ।

छ) गोत्रभूले निर्वाणलाई आलम्वन गरेतापनि किन यसलाई लोकुत्तर भनिन्दैन ?

**बौद्ध जगतका स्मरणीय व्यक्तित्वहरु**

**प्र.नं ११) छोटो उत्तर लेख्नुहोस् ।** १०

क) जनरल अलेक्जेण्डरले कनिंघमले भारत र नेपालमा गरी बौद्ध सिद्धसथान कतिवटामा उत्खनन गरेका थिए र कहाँ कहाँ गरेका थिए ?

ख) "एसियाटिक सोसाइटि" कसले स्थापना गरेको हो ?

ग) श्री लंकामा कसको अध्यक्षतामा र कसको निर्देशकत्वमा महाबोधि सोसाइटिको स्थापना गर्नु भएको थियो ?

घ) मायक्स मूलरले सर्वप्रथम अंग्रेजीमा अनुवादित संस्कृत नीति कथा संग्रहको नाम के हो ?

ङ) मायक्स मूलरद्वारा लिखित समस्त प्राचीन संसकृत साहित्यको विवरणले पूर्ण भएको ग्रन्थको नाम के हो ?

च) सर् इड्विन् आर्नल्ड्को विवाह को सँग भएको थियो ?

छ) श्रामणेर मिगेट्टुवत्ते गुणानन्दले ईशाइहरुसँग श्री लंकाको कुन ठाउँमा शास्त्रार्थ गरेको थियो ?

ज) अनागारिक धर्मपालको पहिलो नाम के थियो ?

झ) कर्नल हेनरी स्टील अल्कोटले उच्च शिक्षा कुन विश्वविद्यालयबाट हासिल गर्नु भएको थियो ?

ञ) नालन्दामा रहेका तीन वटा विशाल पुस्तकालयहरु व के हुन् ?

**प्र.नं १२) उत्तर लेख्नुहोस् (दुई वटा मात्र)** ५×२=१०

क) नेपालमा बुद्ध धर्म उत्थानको लागि धर्ममान साहुको योगदान बारे खुलस्थ पार्नुहोस् ?

ख) बौद्ध साहित्यमा डा.टी.डब्ल्यू रीस डायविडस्को योगदानको बारे चर्चा गर्नुहोस् ।

ग) “पुरातत्वको इतिहासमा अंग्रेजहरुको देनलाई सारा भारतवासी एवं सम्पूर्ण बौद्ध जगतले बिर्सन सकिंदैन” यस कथनलाई आधारित पृष्ठ भूमिको आधारमा चर्चा गर्नुहोस् । **– समाप्त –**